# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर, नुवाकोट
## बागमती प्रदेश,नेपाल

प.सं: ०८०/८१

च.नं: ४२६०९

☎०१०-५६००५३

☎०१०-५६०४६९

मितिः २०८१/०२/१३

विषयः SEE मा सहभागी भई बसेका विद्यार्थीहरुका लागि कम्प्युटर तालिम सञ्चालनको लागि आवेदन पेस गर्ने सम्बन्धमा।

श्री विदुर नगरपालिका अन्तर्गतका मान्यता प्राप्त कम्प्युटर तालिम इन्स्टिच्युटहरु सबै

प्रस्तुत विपयमा विदुर नगरपालिकाको मिति २०८१/०२/१३ को निर्णयानुसनार SEE परीक्षामा सहभागी भई बसेका विद्यार्थीहरुका लागि तपसिलका शर्तहरुको अधिनमा रही निःशूल्क कम्प्युटर तालिम सञ्चालन गर्नुपर्ने भएकाले यस नगरपालिकाभित्रका मान्यता प्राप्त कम्प्युटर तालिम इस्टिच्युटहरुबाट यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र संलग्न ढाँचा बमोजिमको निवेदन पेस गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

तपसिलः

- कम्प्युटर इन्स्टिच्युट मान्यता प्राप्त हुनुपर्नेछ।
- १ दिनमा कम्तिमा ४:३० घण्टाका दरले ३० कार्यदिनमा १३५ घण्टा तालिम प्रदान गरी परीक्षा लिएर उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ।
- तालिममा word, excel, e-mail/internet, power point, office package अनिवार्य रुपमा समावेश हुनु पर्नेछ।
- तालिम हल र उपलब्ध कम्प्युटर सङ्ख्याका आधारमा कति जना विद्यार्थीलाई तालिम प्रान गर्न सक्ने हो स्पष्ट खुलाउनु पर्नेछ।
- तालिम प्रदान गरे बापत प्रति सहभागी रु. ३,०००/-(तीन हजार मात्र) का दरले (नियमानुसार कर लाग्नेमा सो समेत कट्टा गरी) भुक्तानी दिईनेछ।
- तालिम सञ्चालन गरी २०८१/०३/२१ भित्र सम्पुर्ण कागजात सहित भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।
- तालिमको नगरपालिकाबाट नियमित अनुगमन हुनेछ र अनुगमनको क्रममा नियमानुसार तालिम सञ्चालन नभएमा सम्झौता भङ्ग गर्न सकिनेछ।
- तालिममा सहभागीको सूची नगरपालिवाट उपलब्ध हुनेछ।
- एक इन्स्टिच्युटका लागि बढिमा ३३ जना (क्षमता भएमा मात्र) को कोटा उपलब्ध गराईनेछ।

८१।२।१३

(देवीप्रसाद अधिकारी)

शिक्षा शाखा प्रमुख

सादर अवगतार्थः

श्रीमान् नगर प्रमुख ज्यू

श्रीमान् नगर उपप्रमुख ज्यू

आवेदन फारामको ढाँचा

श्री प्रमुख ज्यू,
शिक्षा युवा तथा खेलकुद शाखा
विदुर नगरपालिका, नुवाकोट।

विषयः आवेदन पेस सम्बन्धमा।

प्रस्तुत विषयमा विदुर नगरपालिकाको मिति २०८१/२/१३ गतेको कम्प्युटर तालिम प्रदान गर्ने सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित प्रस्तावका शर्तहरु मञ्जुर गरी तपसिलको विवरण सहित आवेदन पेस गरेको व्यहोरा अनुरोध छ।

तपसिलः

१. कम्प्युटर इन्स्टिच्युटको दर्ता नं.:
२. कम्प्युटर इन्स्टिच्युटको दर्ता भएको मितिः
३. कम्प्युटर इन्स्टिच्युटको दर्ता भएको निकायः
४. पान नं.:
५. चालु हालतमा रहेका कम्प्युटर सङ्ख्याः
६. प्रशिक्षकहरुको विवरणः

| क.सं. | प्रशिक्षकको नाम | योग्यता | प्रमाणपत्र नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. कम्प्युटर इन्स्टिच्युट रहेको ठेगानाः
८. इन्स्टिच्युटको प्रोपाईटरको नामः
९. इन्स्टिच्युटको प्रोपाईटरको सम्पर्क नं.:
१०. सूचनामा उल्लेखित शर्त बमोजिम तालिम प्रदान गर्न सक्ने विद्यार्थी सङ्ख्याः

निवेदकको नामः
हस्ताक्षरः
सम्पर्क नं.:

आवेदन दिने संस्थाको छाप